# लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) बैठकको निर्णयहरु:-

**संवत् २०८१ साल चैत्र २२ गते शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** स्थानीय निजामती सेवा नियमावली, २०८१ मा प्रदेश लोक सेवा आयोगको परामर्शको लागि पठाउन स्वीकृति प्रदान गर्ने ।

२. **आर्थिक मामिला तथा योजना मन्त्रालय:** प्रदेश समपुरक अनुदान व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०८१ स्वीकृत गर्ने ।

३. **आर्थिक मामिला तथा योजना मन्त्रालय:** प्रदेशका आयोजनाको बहुवर्षिय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ स्वीकृत गर्ने ।

४. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** आ.व.२०८२/८३ मा प्रदेश सरकारले स्थानीय तहलाई हस्तान्तरण गर्ने अनुदानहरुको सीमा निर्धारण गर्ने ।

५. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** लुम्बिनी प्रदेश सामयिक कर, राजस्व संकलन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा स्वीकृति प्रदान गर्ने ।

६. **भौतिक पूर्वाधार विकास मन्त्रालयः** संघीय सरकारबाट हस्तान्तरण भई कार्यान्वयनमा रहेका आयोजनाहरुको आ.व. २०८१/८२ को लागि बजेट माग गर्ने ।

७. **स्वास्थ्य मन्त्रालयः** अस्पताल विकास समिति विघटन गर्ने प्रस्तावका सम्बन्धमा मन्त्रिपरिषद्को आर्थिक, सामाजिक तथा पूर्वाधार समितिमा छलफल गरी उक्त समितिले निर्णय गर्ने।